सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा थ को उपदफा ३ र ४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ अनुसारको विवरण
(आ.व. २०७९/८० को प्रथम त्रैमासिक विवरण)

१. निकायको स्वरुप र प्रकृति :
‘ख’ वर्गको राष्ट्रिय स्तरको विकास बैंक ।

२. निकायको काम, कर्तव्य र अधिकार :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र अन्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :
मिति २०७९/०३/३२ मा ८२१ जना र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. निकायबाट प्रदान गरिने सेवा :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘ख’ वर्गको बैंकले दिन सक्ने सर्म्पूण बैंकिङ्ग सेवाहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :
यस सम्बन्धी विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा उपलब्ध छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :
यस सम्बन्धी विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा हेर्न सकिने छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :
सेवा अनुसार तथा प्रत्यायोजित अख्तियारी अनुसार फरक फरक । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागी कार्यलयमा उजुरी पेटिका राखिएको छ । केन्द्रीय कार्यलयमा प्रमुख संचालन अधिकृतलाइ  गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री अपूर्व प्रसाद जोशी
पद : प्रमुख संचालन अधिकृत
सांग्रिला डेभलपमेन्ट बैंक लि.
केन्द्रीय कार्यलय : बालुवाटार-४, काठमाण्डौं नेपाल
फोन न. ०१-४४२१८६१/६२/६३

९. सम्पादन गरेको कामको विवरण:
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘ख’ वर्गको बैंकले दिन सक्ने सर्म्पूण बैंकिङ्ग सेवाहरु सम्पादन भइरहेको छ ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

सूचना अधिकारी : श्री अपूर्व प्रसाद जोशीं
पद : प्रमुख संचालन अधिकृत

प्रमुख : श्री सुयोग श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

देशमा रहेको प्रचलित सबै ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम वा निर्देशिकाहरू बैंकिङ्ग कारोवारका लागि प्रमुख रुपमा रहेका छन् ।

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- मुलुकी देवानी संहिता, २०७४
- विनिमय अधिकार पत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि
- उपरोक्त ऐनहरू वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
- नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पूर्ण निर्देशिका र परिपत्रहरू

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिँदै आएको । साथै सो विवरण बैंकको वेबसाइट www.shangrilabank.com मा समेत अद्यावधिक गरिएको ।

१३. तोकिए बमोजिमका अन्य विवरण :
नियमअनुसार तोकिए वमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै बैंकको वेबसाइट www.shangrilabank.com मा समेत अद्यावधिक गरिएको ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :
बैंकले गर्ने नियमित कार्यक्रम बाहेक अन्य कार्यक्रम नभएको ।

१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :
www.shangrilabank.com

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायतता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :
नभएको ।

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :
बैंकले गर्ने नियमित कार्य वाहेक अन्य कार्य नभएको ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :
हालसम्म सूचना वर्गीकरण नगरिएको ।

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :
आ.व.२०७९/८० को प्रथम त्रैमासमा सूचना माग सम्बन्धी आएको मागको विवरण

| क्र.स. | सुचना माग गर्नेको नाम, ठेगाना र सुचना माग गरेको मिति | माग गरिएको सुचनाको संक्षिप्त विवरण | सुचना दिए नदिएको र सो निर्णयको मिति | कार्यलय प्रमुख वा सूचना अधिकारी मध्य कुन तहबाट सुचना दिएको | सुचना नदिए को भए सो को कारण |
|---|---|---|---|---|---|
| १ | नाम : यदुनाथ बञ्जारा<br><br>ठेगाना : महेन्द्रगुफा मार्ग-१६, पोखरा<br><br>मिति : २०७९।०५।०७ | १ यस बैंकको सूचना अधिकारीको विवरण<br>२ यस बैंकको सुरक्षा गार्ड सेवा लिनका लागि सेक्युरिटी कम्पनी वा एजेन्सी सँग भए गरिएको सम्झौताको विवरण<br>३ यस बैंकको गण्डकी प्रदेशमा रहेका शाखाको विवरण<br>४ यस बैंकको प्रमुख कार्यकारी अधिकृतले लिने मासिक तलब भत्ता लगाएत अन्य सुबिधाको विवरण | सुचना दिएको मिति : २०७९।०५।२१ | सूचना अधिकारी | |
| २ | नाम : गणेश श्रेष्ठ<br><br>ठेगाना : काठमाडौं<br><br>मिति : २०७९।०४।१७ | १ यस बैंकले आ.व. २०७८।७९ मा CSR अन्तर्गतको विवरण<br>२ यस बैंकले आ.व. २०७८।७९ मा बैंकले लिलाम बढाबढ मर्फत बिक्रि गरेको घरजग्गाको विवरण<br>३ यस बैंकको आ.व. २०७८।७९ मा बैंकले १ करोड भन्दा बढी पुनर्कर्जा दिएका ऋणीहरुको नाम र रकमको विवरण<br>४ यस बैंकको आ.व. २०७८।७९ मा बैंकले सहुलियतपूर्ण कृषि कर्जा दिएका ऋणीहरुको नाम र रकमको विवरण<br>५ यस बैंकको आ.व. २०७८।७९ मा संचालक समितिको बैठक | सुचना दिएको मिति : २०७९।०५।२३ | सूचना अधिकारी | |

२०.	सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइट www.shangrilabank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक साथै धितोपत्रदर्ता सम्बन्धित विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाइट www.shangrilabank.com मा समेत प्रकाशन गर्दै आएको छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकाशको आधार